# कोरिन्थीहरूलाई पावलको दोस्रो पत्र

१ ख्रीष्ट येशूको एकजना प्रेरित* पावलबाट। परमेश्वरले
इच्छा गरे अनुसार मलाई एक प्रेरित रोज्नु भयो।
हाम्रा ख्रीष्टमा भाइ तिमोथीबाट पनि कोरिन्थीमा
बस्ने परमेश्वरको मण्डलीलाई र सारा अखैया देशमा
बस्ने परमेश्वरका मानिसहरूलाई प्रणामः
२हाम्रा पिता परमेश्वर र प्रभु येशू ख्रीष्टबाट अनुग्रह
र शान्ति।

## पावल परमेश्वरलाई धन्यवाद चढाउँछन्

३परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पितालाई
धन्यवाद। परमेश्वर पिता हुनुहुन्छ, जो दयामय हुनु हुन्छ।
उहाँ पूर्ण सुखमय परमेश्वर हुनुहुन्छ। ४जहिले-जहिले
हामीलाई दुःख आइपर्छ, उहाँले हामीलाई सान्त्वना
दिनुहुन्छ ताकि हामीले पनि अरूलाई दुःख परेको बेला
सान्त्वना दिन सकौं। हामी उनीहरूलाई त्यही सान्त्वना
दिन सक्छौं जुन परमेश्वरले हामीलाई दिनुभयो। ५ख्रीष्टका
धेरै कष्टहरूमा हामी सहभागी बन्छौं, उसरी नै, ख्रीष्टबाट
हामीले धेरै सान्त्वना पाँउछौ। ६यदि हामीले कष्टहरू
पायौ भने त्यो तँपाईंको सान्त्वना र मुक्तिको निम्ति हो।
यदि हामीले सान्त्वना पाए त्यो तिमीहरूको निम्ति हो।
त्यसले तिमीहरूलाई हामीहरूमा झैँ धैर्यसित कष्ट सहन
सहायता दिन्छ। ७तिमीहरूमाथि हाम्रो दरिलो आशा छ।
हामी जान्दछौं तिमीहरू हाम्रा कष्टहरूमा भागीदार हौ।
त्यसैले हामी जान्दछौं कि हाम्रा सान्त्वनामा पनि तिनीहरू
भागीदार बन्नेछौ।
८दाज्यू-भाइ र दिदी-बहिनीहरू हो! एशिया प्रदेशमा
हामीले भोगेका कष्टहरूको बारेमा पनि तिमीहरूले
जानिराख भन्ने हामी चाहन्छौं। त्यहाँ हामी ठूलो कष्टमा
थियो। हाम्रो सहने शक्ति भन्दा कष्ट धेरै थियो।
हामीले त बाँच्ने आशा पनि छोड़िसकेका थियौं। ९हामीले
साँचै सोच्यौ कि हामी निश्चय मर्ने छौं, यो यस्तो भयो
कि हामीले आफूमा भन्दा परमेश्वरमा विश्वास गर्नु
पर्छ। परमेश्वरले मानिसहरूलाई मृत्युबाट उत्थान गराउँछन्
१०परमेश्वरले हामीलाई मृत्युको खतराबाट बचाए। अनि
परमेश्वरले हामीलाई सदा सर्वदा रक्षा गर्ने छन्। हामीले
उनमा आशा गर्‍यौ ताकि उहाँले हामीलाई बचाई
राख्नेछन्। ११अनि तिमीहरूले आफ्ना प्रार्थनाद्वारा हामीलाई
सहायता गर्न सक्ने छौ। धेरै मानिसहरूले हाम्रो
निम्ति परमेश्वरलाई धन्यवाद दिनेछन् किनभने तिनीहरूको
प्रशस्त प्रार्थनाले गर्दा परमेश्वरले हामीलाई आर्शिवाद
दिए।

## पावलको योजनामा परिवर्तन

१२यही कुराको लागि हामी घमण्ड गर्नु सक्छौ अनि
हाम्रो पूर्ण हृदय खोलेर भन्न सक्छौ कि यो साँचो हो।
संसारमा हामीले जे जति गरेका छौं, हामीले परमेश्वरको
इमान्दारी र शुद्ध हृदयबाट गरेका छौं। अनि यो हाम्रो
तिमीहरूसितको व्यवहारमा अझ धेरै सत्य छ। यो
हामीले परमेश्वरको अनुग्रहबाट गरेका हौं, तर मानव
ज्ञानले होइन। १३हामी तिमीहरूलाई तिनै कुराहरू मात्र
लेख्छौं जुन तिमीहरूले सम्पूर्ण रूपले पढ्न र बुझ्न
सक्छौ। अनि म आशा गर्छु तिमीहरूले पुरै बुझ्नेछौ।
१४तिमीहरूले हाम्रो विषयमा केही कुराहरू बुझिसकेका
छौ। त्यो दिन जब हाम्रा प्रभु येशू ख्रीष्ट आउनु हुनेछ,
म आशा गर्छु तिमीहरूले बुझ्ने छौ, जब हामी तिमीहरू
प्रति गर्व गरे झैँ तिमीहरू पनि गर्वान्वित हुनेछौ।
१५म यी कुराहरूमा ढुक्क थिएँ। त्यसैले मैले पहिले
तिमीहरूकहाँ आउने योजना बनाएँ। तब तिमीहरूले दुइ
पल्ट आर्शिवाद पाउने थियौ। १६म्यासिडोनिया जाँदा हुँदी
मैले तिमीहरूलाई भेट्न सोचेको थिएँ। अझ फर्कदा
हुँदी पनि तिमीहरूलाई भेट्ने योजना थियो। मैले आफ्नो
यहूदीया यात्रामा तिमीहरूबाट सहायता लिन सोचेको
थिएँ। १७के तिमीहरू मैले गहिरो विचार नगरी यी

**प्रेरित** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिस।

योजनाहरू बनाएको सोच्छौ? अथवा तिमीहरू सम्झौला
कि म संसारिक मानिस झैं योजना बनाउँछु अनि एकै
चोटी "हो, हो" अनि "होइन, होइन" भन्छु।
[१८]तर यदि तिमीहरू परमेश्वरमाथि विश्वास गर्न
सक्छौ भने, तब हामी तिमीहरूलाई जे भन्छौं त्यो
कहिल्यै पनि "हो" र "होइन" दुवै हुँदैन। [१९]परमेश्वरको
पुत्र येशू ख्रीष्ट जसको बारेमा, सिल्भानस, तिमोथी र
मैले तिमीहरू माझ गरेको प्रचारमा दुवै "हो" र
"होइन" थिएन। ख्रीष्टमा यो सँधै "हो" हो। [२०]परमेश्वरका
जम्मै प्रतिज्ञाहरू ख्रीष्टमा "हो" हुन्छ। अनि यस
सच्चाइले हामी ख्रीष्टद्वारा परमेश्वरको गौरवमा "आमिन"
भन्छौं। [२१]अनि एक मात्र परमेश्वर हुन् जसले हामीलाई
र तिमीहरूलाई ख्रीष्टमा दरिलो बनाँउनु हुन्छ। परमेश्वरले
हामीलाई विशेष रूपले आशिष दिएकाछन्। [२२]हामी
उनैका हौं भन्ने प्रमाण गर्न, उनले हामीमा छाप मार्नु
भएको छ। उहाँको प्रतिज्ञाको पक्का प्रमाण स्वरूप हाम्रो
हृदयमा उहाँको आत्मा दिनुभएको छ।
[२३]म तिमीहरूलाई यो भन्छु, अनि यो साँचो हो
भनी प्रमाण गर्न म परमेश्वरलाई साक्षी बसिदिनु
होस भन्छु। म कोरिन्थमा फर्केर नआएको
कारण यही थियो कि म तिमीहरूलाई शास्ति दिनु वा
तिमीहरूको चित्त दुखाउनु चाहन्नथें। [२४]मैले यो भन्न
खोजेको होइन कि हामी तिमीहरूको विश्वास माथि
नियन्त्रण राख्न चहान्छौ। तिमीहरू विश्वासमा दृढ़ छौ।
तर तिमीहरूकै आनन्दको लागि हामी तिमीहरूसित
काम गर्ने छौं।

**२** यसैले, मैले निश्चय गरें कि मेरो अर्को भ्रमणले
तिमीहरू दुःखी बनिनु पर्दैन। [२]मैले तिमीहरूलाई
दुखित बनाएँ भने कसले मलाई खुशीयाली दिन्छ?
केवल तिमीहरूले मात्र मलाई खुशी पार्न सक्छौ
जसलाई मैले दुःख बनाए। [३]यही कारणले मैले तिमीहरूलाई
पत्र लेखें: जब म भ्रमणमा आए जसले मलाई खुशी
बनाउँछन् तिनीहरूबाट म दुःखी हुनु पर्दैन। तिमीहरूको
विषयमा बेफिक्री छु। म पक्का विश्वासमा छु कि
तिमीहरू मेरो प्रसन्नतालाई आफ्नो प्रसन्न सम्झन्छौ।
[४]अघि जब मैले लेखें मेरो मन खुबै विचलित र दुखित
थिएँ। मैले त्यो चिट्ठी आफ्नो आँसुले लेखेको थिएँ
मैले तिमीहरूलाई दुखित तुल्याउनु लेखेको थिइन।
तिमीहरू प्रति मेरो मायाको गहिराई बुझाउन लेखेको
थिँए।

## भूल गर्नेलाई क्षमा देऊ

[५]तिमीहरूका मण्डलीमा कसैले दुखित पाऱ्यो। उसले
मलाई दुखित बनाएन तर तिमीहरू सबैलाई केही मात्रमा
दुःखी बनायो, वास्तवमा त्यो जति छ म त्यसलाई अझ
बढ़ाउन चाहँदिनँ। [६]तिमीहरूका मण्डलीबाट धेरैले उसलाई
जो दण्ड दिए उसको लागि मनग्गे छ। [७]तर अब यो
अझ असल हो कि तिमीहरूले उसलाई क्षमा दिनु पर्छ
उसलाई सुख दिनु पर्छ। त्यसले उसलाई अचाक्ली दुःख
र एकदमै हरेस खानुबाट जोगाउँछ। [८]यसकारण म
विन्ती गर्छु कि तिमीले उसलाई तिम्रो प्रेम देखाऊ।
[९]यसैले मैले तिमीहरूलाई लेखेको हुँ। हरेक कुरामा
तिमीहरू आज्ञाकारी छौ कि छैनौ भन्ने जाँच्न र हेर्न म
चाहन्थें। [१०]कसैलाई तिमीले क्षमा दियौ भने, म पनि
त्यस मानिसलाई क्षमा दिन्छु। अनि मैले जे क्षमा दिएको
छु-ममा क्षमा दिने केही भए-मैले त्यो ख्रीष्टको उपस्थितिमा
तिम्रा लागि दिएँ। [११]शैतानले हामीबाट केही नछिनोस्
भनेर मैले त्यसो गरेको हुँ। शैतानको के-के योजनाहरू
छन् त्यो हामी राम्ररी जान्दछौं।

## त्रोआसमा पावलको इच्छा

[१२]ख्रीष्टको सुसमाचार प्रचार गर्न म त्रोआसमा गएँ,
प्रभुले मलाई उहाँको सेवा गर्ने राम्रो मौका दिनु भएको
थियो। [१३]तर मैले मनको शान्ति पाइन, किन कि मैले
मेरा भाइ तीतसलाई त्यहाँ भेटिनँ। त्यसैले मैले विदा
लिएँ र म्यासिडोनिया तिर लागें।

## ख्रीष्टद्वारा विजय

[१४]तर परमेश्वरलाई धन्यवाद होस्। जसले हामीलाई
सँधै ख्रीष्टद्वारा विजयतर्फ डोऱ्याउनु हुन्छ। परमेश्वरले
हामीलाई उहाँको ज्ञान सुगन्धित वासना जस्तो चारैतिर
फिँजाउन प्रयोग गर्नुहुन्छ। [१५]परमेश्वरमा हाम्रो यही
भेटीहरू छ: कि ती जो बचाइदैछन् अनि ती जो नष्ट
गरिदैंछन् तिनीहरूको बीचमा हामी ख्रीष्टको मिठो गन्ध
हौं। [१६]मानिसहरू जो नष्ट गराइदैंछ तिनीहरूको लागि
हामी मृत्युको गन्ध हौं जसले मृत्यु ल्याँउछ। तर
बचाइनेहरूलाई हामी जीवनका गन्ध हौं जसले जीवन
ल्याउँदछ। यसकारण यस कार्यको निम्ति को योग्य छ?
[१७]हामी लाभको निम्ति परमेश्वरका वचन बेच्दैनौं जस्तो
धेरै अरूहरूले गर्छन्। होइन! तर ख्रीष्टमा हामी

परमेश्वरको अधि सत्य बोल्दछौं। हामी परमेश्वरबाट
पठाइएका मानिसहरू झैं बोल्दछौं।

### परमेश्वरका सेवकहरूको नयाँ करार

३ फेरि के हामी हाम्रै विषयमा गर्व गर्छौं? अरूहरू
जस्तै तिमीहरूलाई वा तिमीहरूबाट परिचय-पत्रको
खाँचो पर्छ? २तिमीहरू नै हाम्रो परिचय पत्र हौ। त्यो
परिचय पत्र हाम्रा हृदयमा लेखिएको छ। त्यो सबैले
जानेको र पढ़ेका छन्। ३यो देखाऊ कि तिमीहरू
ख्रीष्टद्वारा हामी मार्फत पठाइएका परिचय पत्र हौ। त्यो
पत्र मसीले लेखिएको छैन तर शाश्वत परमेश्वरको
आत्माले लेखिएकोछ। त्यो ढुंगाका पाटीहरूमा* लेखिएको
छैन। त्यो मानव हृदयहरूमा लेखिएको छ।

४हामी यसरी कुरा गर्न सक्छौं किनभने ख्रीष्ट मार्फत
परमेश्वरको अघि हामी ढुक्क छौं। ५हामी भन्दैनौ कि
कुनै पनि काम हामी आफै राम्रो गर्न सक्छौ। परमेश्वर
नै शक्तिको श्रोत हुनुहुन्छ, जे हामी गर्छौं त्यो गर्न योग्य
बनाँउनु हुन्छ। ६(परमेश्वरबाट उनका मानिसलाई दिइएको)
नयाँ वाचाको सेवक बन्न परमेश्वरले हामीलाई योग्य
बनाउनु भएको छ। यो नयाँ वाचा लिखित नियम होइन।
यो आत्माको हो। लिखित वाचाले मृत्यु ल्याँउछ, तर
आत्माले जीवन दिन्छ।

### नयाँ वाचाले बढि महिमा ल्याउँछ

७मृत्यु ल्याउने सेवा शब्दहरू ढुंगामा खोपिएको
थियो। अनि यो परमेश्वरको महिमासँग आयो। मोशाको
अनुहार यति उज्यालो भयो कि इस्राएलका मानिसहरूले
उनको अनुहार हेर्न सकेनन्। त्यो महिमा पछि लुप्त
भयो। ८यसैले कुनै खण्डमा पनि त्यो सेवा जसले आत्मा
ल्याँउछ त्यो अझ महिमामय हुन्छ। ९मेरो भनाइको
अर्थ हो: सेवाले मानिसहरूलाई पापको दोष निर्णय
गर्‍यो तर यसले महिमा लियो। त्यसैले जुन सेवाले
मानिसहरूलाई धार्मिक बनाउँछ त्यसको अभै बढ़ि
महिमा हुँदछ। १०त्यस प्राचीन सेवाको महिमा अझ बढ़ि
थियो। तर जब नयाँ सेवाको महान महिमासँग त्यसलाई
दजाइन्छ, त्यो सेवाको महिमा हराउँछ। ११त्यो सेवाको
जुन लुप्त भयो त्यो महिमासँग आएको भए, तब यो
सेवा जो सदा सर्वदा रहनेछ त्यसको अझ विशाल
महिमा हुने थियो।

१२हामीसित यो आशा छ, यसैले हामी खुबै साहसी
छौं। १३हामी मोशा जस्ता छैनौं। उनले आफ्ना अनुहारमा
घुम्टो हालेका थिए। इस्राएलका मानिसहरूबाट अनुहार
लुकाउनु मोशाले आफ्नो अनुहार छोपेका थिए। महिमा
अल्पिदैथ्यो अनि मोशा चाहँदैन थिए कि तिनीहरूले
त्यसको अन्त्य देखुन। १४तर तिनीहरूका मनहरू बन्द
छन् तिनीहरूले बुझ्न सक्तैनन्। आज पनि जब तिनीहरू
पुरानो करार पढ्छन् त्यही ढकनीले अर्थ छोपिन्छ।
ढकनी खोलिएको छैन्। यो खालि ख्रीष्टद्वारा हटाइन्छ।
१५तर आज सम्म पनि जब ती मानिसहरू मोशाको
व्यवस्था पढ्छन्, तिनीहरूका मनहरूमा घुम्टो लागेको
हुन्छ। १६तर जब कुनै व्यक्ति बदलन्छ र प्रभुलाई
पछ्याउँछ, त्यो घुम्टो हटाइन्छ। १७'प्रभु' आत्मा हो।
अनि जहाँ प्रभुको आत्मा छ त्यहाँ स्वतन्त्र हुन्छ।
१८हाम्रो अनुहार ढाकिएको छैन्। हामी सबै प्रभुको
महिमा देखाउँछौं। हामी उनी जस्तै हुन परिवर्तन हुँदैछौ।
यस परिवर्तनले हामीमा झन झन महिमा ल्याउँछ।

### माटाका भाँड़ामा आत्मिक धन

४ परमेश्वरले, आफ्नो दयाले हामीलाई यो काम गर्न
दिनु भएको छ, यसकारण हामी यो काम छोड़दैनौं।
२तर हामीले गुप्त र लज्जाजनक तरिका त्यागेका छौं।
हामी छल कपट प्रयोग गर्दैनौ र परमेश्वरको शिक्षा
परिवर्त्तन गर्दैनौ। अहँ! ठयाम्मै गर्दैनौं। हामी सत्य
सजिलोसित बुझाउँछौं। हामी को हौं भन्ने कुरो मानिसहरूलाई
हामी यसरी नै देखाउँछौं। अनि हामी अनि परमेश्वर
समक्ष हामी कस्ता मानिस हौं त्यो पनि उनीहरूले
आफ्नो हृदयमा जान्न सक्छन्। ३हामीले प्रचार गरेको
सुसमाचार लुकेको होला तर यो तिनीहरूकै लागि
लुकेको हो जो अल्मलिएका छन्। ४यस संसारको
शासनकर्त्ता* जसले विश्वास गर्दैनन् ती मानिसहरूको
मन अन्धा बनाइदिएको छ। यसर्थ तिनीहरूले ख्रीष्टको
महिमाको सुसमाचारको प्रकाश देख्न सक्तैनन्। ख्रीष्ट नै
एक हुनुहुन्छ जो एकदमै परमेश्वर जस्ता हुनुहुन्छ।
५हामी आफ्नो बारेमा प्रचार गर्दैनौं। तर हामी येशू ख्रीष्ट
प्रभु हुनुहुन्छ भन्ने सत्य कुरा प्रचार गर्छौं। अनि हामी

---

**ढुंगाका पाटीहरू, ढुंगा** अर्थात परमेश्वरले मोशालाई दिएका कराहरू ढुंगाका पाटीमा लेखिएका थिए (प्रस्थान २४:१२, २५:१६)।

**शासनकर्त्ता** शाब्दिक रूप परमेश्वरको।

प्रचार गर्छौं कि येशूको निम्ति हामी तिमीहरूका सेवक हौं। [६]परमेश्वरले एकपल्ट भन्नु भएको थियो, “अन्धकारबाट ज्योति चम्कने छ!” अनि उहाँ तिनै परमेश्वर हुनुहुन्छ जसले हाम्रो हृदयमा आफ्नो ज्योति प्रकाशित हुन दिनुभयो। ख्रीष्टको अनुहारमा परमेश्वरको महिमा झल्काएर उहाँले हामीलाई प्रकाश दिए।

[७]परमेश्वरले हामीलाई यो धन दिनुभयो। तर हामी यस्तो धन राख्न माटाका भाँड़ाहरू जस्ता मात्र छौं। यसले बुझाँउछ कि यो महान शक्ति परमेश्वरबाट हो, हामीबाट होइन। [८]हामी दु:खै दु:खले घेरिएका छौ, तर हामी हराइएका छैनौं। कहिले काँही हामी अल्मलमा पर्छौं र के गर्नु पर्ने जान्दैनौ, तर हामी त्याग्दैनौं। [९]हामी सताइरहेका छौं तर परमेश्वरले हामीलाई छोड़नु हुन्न। कहिले कहीं हाम्रो चित्त दुखाइन्छ तर हामी नष्ट गरिएका छैनौं। [१०]येशूको मृत्यु हाम्रै शरीरमा छ। हामी यो प्रत्येक ठाउँ मृत्यु लिई हिंड्छौं जसमा कि येशूको जीवन हाम्रा शरीरमा पनि देख्न सकियोस्। [११]हामी जीवित छौं तर येशूको निम्ति हामी सँधै मृत्युको खतरामा छौं। हामीमा यस्तै हुन्छ जसमा कि हाम्रो मरणशील शरीरमा येशूको जीवन पनि झल्कन सकोस्। [१२]यसैले मृत्युले हामीमा काम गर्दैछ, अनि जीवनले तिमीहरुमा काम गर्दैछ।

[१३]धर्मशास्त्रमा यो लेखिएको छ, “मैले विश्वास गरें, यसकारण म बोलें।”* हाम्रो विश्वास पनि त्यस्तै नै छ। हामी विश्वास गर्छौं र हामी बोल्छौं। [१४]परमेश्वरले प्रभु येशूलाई मृत्युबाट जिवन दिनुभयो। अनि हामी जान्दछौं परमेश्वरले हामीलाई पनि येशूसित जगाउनु हुन्छ। परमेश्वरले हामीलाई तिमीहरूसितै ल्याउनु हुनेछ अनि हामी उनका अधि उभिने छौं। [१५]यी सबै कुराहरू तिमीहरूको निम्ति हो ताकि परमेश्वरको महिमा धेरै मानिसहरूमा बाँढ़िदैछ। यसकारण, यसरी उहाँको महिमाको निम्ति परमेश्वरले धेरै धन्यवाद पाउनु भइरहेको छ।

## विश्वासमा जीउनु

[१६]त्यसैकारणले हामी कहिल्यै कमजोर बन्दैनौं। हाम्रो भौतिक शरीर जीर्ण र कमजोर हुँदैछ तर हामीभित्रको आत्मा हरेक दिन नयाँ बनिदैछ। [१७]यस घरी केही समयको निम्ति साना साना समस्याहरू सामना गर्दैछौं। तर ती समस्याहरूबाट हामीले अनन्त महिमा पाउने सहायता पाइरेहका छौं त्यो अनन्त महिमा समस्याहरू भन्दा धेरै महान छ। [१८]त्यसैले हामीले देख्न नसकिने कुराहरू हामी सोच्छौं तर जे देख्छौ ती विषयमा होइन। प्रत्यक्ष देखिने कुराहरू क्षणिक हुन्छन् अनि हामीले देख्न नसकिने कुराहरू चाँहि सँधै-सँधैको लागि हुनेछ।

५ हामी जान्दछौं, यस धरतीमा हामी जुन तम्बूमा बस्छौं त्यो नष्ट हुनेछ। तर जब त्यो नष्ट हुनेछ, हामीले बस्ने घर परमेश्वरबाट पाउनेछौं। त्यो घर मानिसले बनाएको होइन। यो घर स्वर्गमा हुन्छ र अनन्त रहनेछ। [२]हामीलाई हाम्रो वर्तमान घरमा वाक्क दिक्क लागिसकेको छ अनि स्वर्गीय घर पाउने इच्छा गरिरहेका छौ अनि परमेश्वरले हामीलाई दिनु हुनेछ। [३]त्यसैले हामीलाई पहिराइ दिनेछ र हामी नाङ्गो हुने छैनौं। [४]जतिञ्जेल हामी यस शरीरमा बस्छौं, हामी भारग्रस्त छौं, र गन्गनाउँछौं। मेरो भनाईको अर्थ यो होइन कि हामी यस घरलाई छोड़न चहान्छौ तर हामी हाम्रो स्वर्गीय घरमा ओतिन चहान्छौं अनि जब यो शरीर अन्त हुन्छ यो जीवनले ढाकिने छ। [५]परमेश्वरले हामीलाई यसैको लागि सृष्टि गर्नु भएको छ। अनि उहाँले वाचा स्वरूप हामीलाई आत्मा दिनु भएको छ ताकि उहाँले हामीलाई नयाँ जीवन दिनु हुनेछ।

[६]यसैकारण हामी सँधै भरोशामा छौं। हामी जान्दछौं कि जति समय सम्म हामी यस शरीरमा रहन्छौं, हामी प्रभुबाट टाढ़ा हुन्छौं। [७]हामी विश्वासको मार्ग दर्शनमा बाँचेका छौं-जे देख्छौं त्यसले होइन। [८]त्यसैले त म भन्छु हाम्रो भरोसा छ। अनि वास्तवमा हामी यस शरीरबाट टाढ़ा रहन इच्छा गर्छौं अनि प्रभु जहाँ हुनुहुन्छ त्यही बस्नु खोज्छौ। [९]हाम्रो उद्देश्य परमेश्वरलाई सन्तुष्ट पार्नु हो। यस शरीरमा रहौं अथवा प्रभुसित रहौं हामी उहाँलाई सन्तुष्ट पार्न चाहन्छौं। [१०]न्यायको निम्ति हामी सबै परमेश्वरको अघि उभिनै पर्छ। प्रत्येकले यस पार्थिव शरीरमा हुदाँ जे गेरको छ, उसले त्यो पाउनै पर्छ राम्रो अथवा नराम्रो पाउने नै छ।

## मदतकारी मानिस परमेश्वरका मित्र बन्छन्

[११]परमप्रभुको डरको अर्थ हामी जान्दछौं। यसकारण मानिसलाई सत्य ग्रहण गर्न हामी सघाउँछौं। हामी वास्तवमा के हौं, परमेश्वर जान्नुहुन्छ। अनि म आशा

**“मैले विश्वास ... वोलें”** भजनसंग्रह ११६:१०।

गर्छु तिमीहरू पनि आफ्नो हृदयमा हामीलाई जान्दछौं।
[१२]हामी आफूलाई तिमीहरू अघि प्रमाणित गर्ने कोशिश
फेरि गर्दैनौं तर हामी तिमीहरूलाई आफ्नै बारेमा
भन्दैछौं। हाम्रा बारेमा किन गर्वित बन्ने कारणहरू
तिमीहरूलाई दिंदैछौं। तब बाहिरी कुराहरूमा जो देखिन्छन्
गर्व गर्नेहरूको निम्ति तिमीहरूलाई जवाब हुनेछ। कसको
हृदयमा के छ ती मानिसहरूले वास्ता राख्दैनन्। [१३]यदि
हामी पागल हौं भने, त्यो परमेश्वरको लागि हो। यदि
हाम्रो मन ठीक छ भने, त्यो तिमीहरूको लागि हो।
[१४]ख्रीष्टको प्रेमले हामीलाई वशमा राख्दछ। किनभने
हामी जान्दछौं हामी सबैको लागि ख्रीष्टले मृत्यु वरण
गनुभयो। [१५]ख्रीष्टले सबैको लागि प्राण दिनु भयो
जसमा कि अब उसो जो बाँचेकाछन् तिनीहरू आफ्नो
लागि मात्र बाँच्न हुँदैन। उहाँले तिनीहरूकै लागि प्राण
दिनुभयो। औ तिनीहरूको लागि बौरयाइनु भयो, यसर्थ
ती मानिसहरू उहाँको लागि बाँच्नु पर्छ।

[१६]अब उसो संसारले मानिसहरूलाई जस्तो सम्झन्छ
त्यस्तो हामी मानिसहरूलाई संझने छैनौं साँचो हो,
हामीले पनि पहिले ख्रीष्टलाई संसारले संझे जस्तै
संझन्थ्यौं तर अब हामी त्यसरी संझदैनौं। [१७]यदि कोही
ख्रीष्टमा छ भने त्यो नयाँ मानिस बनिएको छ। पुराना
कुराहरू बितेर गए, हरेक कुरो नयाँ छ। [१८]यी सब
परमेश्वरबाटै हुन्। ख्रीष्टद्वारा, परमेश्वरले हामी र उहाँको
माझमा शान्ति बनाए। परमेश्वरले हामीलाई मानिसहरू
बीच र उहाँसित शान्ति ल्याउने काम दिए। [१९]मेरो
भन्नाको तात्पर्य, संसार र आफू माझ शान्ति बनाउँदै
परमेश्वर ख्रीष्टमा हुनुहुन्थ्यो। ख्रीष्टमा, परमेश्वरले
मानिसहरूलाई तिनीहरूको पापहरूको निम्ति दोषी
ठहराएनन्। अनि उहाँले मानिसहरूलाई भन्नु हामीलाई
यो शान्ति समाचार दिए। [२०]यसर्थ हामी ख्रीष्टको पक्षमा
बोल्न पठाइएका छौं। यो मानिसहरूलाई परमेश्वरले
हामो मार्फत बोलाएको जस्तै हो। हामी ख्रीष्टको निम्ति
बोल्छौं अनि परमेश्वर सित शान्ति कायम गर्न तिमीहरूलाई
विन्ती गर्छौं। [२१]ख्रीष्टमा पाप थिएन। तर परमेश्वरले
उहाँलाई पापी बनाउनु भयो। परमेश्वरले यो हाम्रो लागि
गर्नुभयो ताकि हामीहरू ख्रीष्टमा परमेश्वरसित धार्मिक
रहन सकौं।

६ परमेश्वरसित हामी कर्मीहरू हौं। यसैले, हामी
तिमीहरूलाई विन्ती गर्छौं जुन अनुग्रह परमेश्वरबाट
पाएका छौ व्यर्थ हुन नदेऊ। [२]परमेश्वर भन्छन्ः

“ठीक समयमा मैले तिमीलाई सुनें अनि मुक्तिको
दिनमा मैले तिमीलाई सहायता गरें।”

*यशैया ४९:८*

तिमीहरूलाई म भन्दछु “ठीक समय” अहिले नै हो
“मुक्तिको दिन” आजै हो।

[३]मानिसहरूले हाम्रा काममा कुनै भूल नभेटुन् भन्ने
हामी चाहन्छौ। त्यसैले अरु मानिसहरूलाई समस्या बन्ने
कुनै काम हामी गर्दैनौं। [४]तर दुःखमा, अप्ठेरोमा,
ठूल्ठूला समस्याहरूमा अनि जम्मै परिस्थितिहरूमा हामी
आफैलाई परमेश्वरका कर्मीहरू हौं भन्ने देखाउँछौं।
[५]हामी यस्तो गर्छौं, जब हामी कुटाइ खान्छौं, हामी
जेलमा हुन्छौ, जब मानिसहरूले हाम्रो विरोधमा आवाज
उठाउँछन्, जब हामीले कठिन परिश्रम गर्नु पर्छ, जब
हामी सुत्न पाउदैनौ अनि हाम्रोमा खाने वस्तु हुदैन।
[६]हामी हाम्रो समझदारीले, धैर्यले, दया अनि परिशोधित
जीवनद्वारा परमेश्वरको कर्मीहरू आफै देखाँउछौं। [७]हामी
पवित्र आत्माबाट, साँचो प्रेमबाट, सत्य प्रचार गर्दै र
परमेश्वरको शक्ति मार्फत यस्तो देखाँउछौं। हरेक कुराबाट
आफ्नो रक्षा गर्न हामी धार्मिक जीवनको उपयोग गर्छौं।
[८]कसैले हामीलाई आदर गर्छन् तर कसैले शर्मिन्दा
तुल्याउँछन्। कसैले हाम्रो बारेमा प्रशंसा गर्छन् तर कसैले
निन्दा गर्छन। कसैले भन्छन् हामी ढँटुवा हौं तर हामी
सत्य बोल्छौं।

[९]कति मानिसहरूको लागि हामी अपरिचित
छौं, यद्यपि हामी सुपरिचित छौं। हामी मर्न लागेका
ठानिन्छौं, तर हेर! हामी बाँचिराखेका छौं। हामी
दण्डित छौ, तर हामी मारिएका छैनौं। [१०]हामी धेरै दुःखी
छौ, तर हामी खुशी मनाइरहेकै छौं। हामी गरीब हौं,
तर हामीले धेरै मानिसहरूलाई धनी बनाइरहे छौं।
हामीसित केही छैन, तर पनि वास्तवमा हामीसित प्रत्येक
चीज छ।

[११]कोरिन्थीवासी, तिमीहरूलाई हामीले खुल्ला साथ
भनेका छौं। तिमीहरूसित हामीले हाम्रा हृदय खोलेका
छौं। [१२]तिमीहरू प्रति हाम्रो प्रेम को स्रोतमा रूकावट
परेको छैन। तर हामीप्रति तिमीहरूको प्रेमभाव भने
रोकिएको छ। [१३]तिमीहरू मेरा नानीहरू हौ जस्तो गरी
म तिमीहरूसित बोल्छु, तिमीहरूको निम्ति हामीले जे
गर्यौं हाम्रो निम्ति त्यही गर! हाम्रो लागि तिमीहरूको
हृदय उदाङ्गो पार।

## अन्यजातिहरूसंग जीउन वारे चेताउनी

१४अविश्वासीहरू जस्ता तिमीहरू होइनौ। यसैले
उनीहरूसंग सहभागी नहोऊ। असल र खराबको एकार्कामा
साधारणतः एक होइन। अँध्यारो र उज्यालो एकैसाथ
हुन सक्दैन। १५ख्रीष्ट र बेलियालले कसरी सम्झैता गर्न
सक्छन्? एक विश्वासीले अविश्वासीबाट के पाउन
सक्छ? १६परमेश्वरको मन्दिर र मूर्तिहरूसित सम्झौता
हुन सक्तैन। अनि हामी जीवित परमेश्वरका मन्दिर हौं।
जस्तो परमेश्वर भन्नु हुन्छः

"म तिनीहरूसित बस्छु, तिनीहरूसितै हिंड्छु म
तिनीहरूका परमेश्वर हुनेछु अनि तिनीहरू मेरा
मानिसहरू हुनेछन्।"

*लेवि २६:११-१२*

१७ "यसैले ती मानिसहरूबाट निस्केर आऊ आफूलाई
तिनीहरूबाट अलग गराऊ, प्रभु भन्छन्, केही
नछोऊ जो अशुद्ध छ अनि म तिमीहरूलाई
स्वीकार गर्ने छु।"

*यशैया ५२:११*

१८ "म तिमीहरूका पिता बन्नेछु अनि तिमीहरू मेरा
छोरा-छोरीहरू सर्वशक्तिमान् प्रभु भन्नु हुन्छ।"

*२ शामुएल ७:१४, ७:८*

७ प्यारा साथीहरू! हामीले परमेश्वरबाट यी प्रतिज्ञाहरू
पाएका छौं। यसकारण मैला पार्ने हरेक कुराबाट
हाम्रा शरीर वा हाम्रा आत्मालाई पवित्र बनाउनु पर्छ।
हाम्रो जीउने तरिकामा परिपक्क हुने कोशिश हामीले
गर्नुपर्छ, किन कि हामी परमेश्वरलाई आदर गर्छौं।

## पावलको आनन्द

२हाम्रो लागि आफ्नो हृदय उघार। हामीले कसैको
नराम्रो गरेका छैनौं, हामीले कसैको विश्वास नष्ट गरेका
छैनौं। हामीले कसैलाई शोषण गरेका छैनौं। ३मैले यो
तिमीहरूलाई दोष्याउनको लागि भनेको होइन।
मैले अघि नै भनें हामी तिमीहरूलाई यति विघ्न माया
गर्छौं कि हामी तिमीहरूको जीवन र मृत्युसंगै मिलेका
छौं, ४म तिमीहरूसित औधि ढुक्क अनुभव गर्छु। म
तिमीहरू प्रति गर्वित छु। तिमीहरू मलाई धेरै उत्साह
दिन्छौ र हाम्रा सारा दुःखहरूमा पनि म बड़ो अनिन्दित
छु।

५जब हामी म्यासिडोनियामा आयौं, हाम्रो विश्राम
थिएन। हामीले आफ्नो चारैतिर दुःखै दुःख देख्यौ।
बाहिर-बाहिर हाम्रो लड़ाइँ थियो तर भित्र-भित्र डर। ६तर
दुःखमा पर्नेहरूलाई परमेश्वरले सुख दिनुहुन्छ। अनि जब
तीतस आए, परमश्वरले हामीलाई सुख दिनुभयो। ७तिनको
आगमन अनि तिमीहरूले उनलाई दिएको सुखले हामीहरू
सुखी भयौ। तीतसले भने कि तिमीहरू मलाई भेट्न
चाहन्छौ। आफूले गरेको कामको लागि तिमीहरूले
दुःख मान्यौ भनी उनले मलाई भने। अनि तिमीहरूले
मेरो खुब याद गर्छौं भनेर पनि उनले मलाई भने। यो
सुनेर म अत्यन्तै खुशी भएँ।

८मैले लेखेको पत्रले तिमीहरूलाई खिन्न तुल्यायो
भने पनि, त्यो लेखेकोमा म दुःखित छैनँ। तर, त्यसले
शुरूमा तिमीहरूलाई खिन्न बनायो नै, म पनि पहिले त
त्यसको लागि दुःखी भएँ। तर त्यसले तिमीहरूलाई थोरै
समयको लागि मात्र खिन्न तुल्यायो। ९अनि अहिले म
हर्षित छु। तिमीहरूलाई खिन्न बनाएर म हर्षित भएको
होइन। तर म यसकारणले हर्षित छु कि तिमीहरूका
खिन्नताले तिमीहरूको हृदय बदली गरायो। तिमीहरूको
यो यस्तो दुःख हो जुन परमेश्वरले चाहनु हुन्छ। यसर्थ
हामीले तिमीहरूलाई कुनै प्रकारले पनि चोट पुर्‍याइनौ।
१०परमेश्वरले चाहनु भए जस्तो पीरले एक व्यक्तिको
हृदय र जीवनमा परिवर्त्तन ल्याउँछ। यसले मानिसलाई
मुक्ति तर्फ डोर्‍याउँछ, र हामी त्यसको लागि कुनै पीर
मान्न सक्तैनौं। तर सांसारिक दुःखले मृत्यु गराँउछ।
११तिमीले पाएको त्यो पीर चाँहि परमेश्वरले चाहेको
पीर नै थियो। अब तिमी बुझ्छौ कि त्यस पीरले तिमीमा
के ल्यायो। त्यस पीरले तिमीलाई अझ गम्भीर बनायो
अनि आफू भूलमा भएको प्रमाण गराउन प्रेरित गरायो।
त्यसले तिमीलाई क्रुद्ध र कातर बनायो। त्यसले तिमीमा
मलाई भेट्ने इच्छा जगायो। त्यसले तिमीहरूलाई उत्साहित
गरायो र न्याय गर्नु पर्ने रहेछ भन्ने इच्छा गरायो। त्यस
चीजहरूबाट तिमी यो समस्यामा नरहेको प्रत्यक्ष बनायो।
१२त्यो चिट्ठी मैले लेख्नुको कारण यो होइन कि
व्यक्तिले भूल गर्‍यो तर कारण यो हो कि व्यक्ति
भूलमा थियो। वास्तवमा परमेश्वरको अघि तिमीहरू
हामीलाई कति धेरै याद गर्छौं सो जान्नु त्यो चिट्ठी

तिमीहरूलाई लेखिएको हो। [१३]त्यसैकारण हामी सुखी थियौं।

हामी खुबै आनन्दित थियौं किनभने तीतस धेरै आनन्दित थिए। तिमीहरूले गरेको व्यवहारमा तिनी अत्यन्तै खुशी थिए। [१४]मैले तीतससित तिमीहरूबारे गर्व गरेको थिँए। अनि मैले ठीकै गरें भन्ने तिमीहरूले प्रमाण गर्‍यौ। हामीले तिमीहरूलाई भनेको हरेक कुरो साँचो थियो। अनि तीतससित हामीले गरेको गर्व पनि साँचो थियो भन्ने तिमीहरूले नै साबित गरिदियौ। [१५]अनि उनको तिमी प्रति प्रेम अझ ठूलो हुन्छ जब उसले सम्झन्छु कि तिमीहरू सबै आज्ञाकारी थियौ। तिमीहरूले डर र आदरसित उनलाई स्वागत गर्‍यौ। [१६]म खुबै आनन्दित छु किनभने तिमीहरू माथि म पुरै विश्वास गर्न सक्छु।

## ख्रीष्टिय दान

८ अनि अब, दाजु-भाइ-दिदी-बहिनीहरू! तिमीहरूलाई अनुग्रह बारे जनाउनु चाहन्छौं जुन परमेश्वरले म्यासिडोनियामा त्यहाँका मण्डलीहरूलाई दिनुभयो। [२]ती विश्वासीहरूलाई अत्यन्तै कष्ट दिएर परीक्षा लिइन्थ्यो। ती साह्रै गरीब मानिसहरू थिए। तथापि ठूलो हर्षसाथ तिनीहरूले मुट्ठी खोलेर दिए। [३]म भन्न सक्छु आफ्नो गच्छेले पुगेसम्म तिनीहरूले दिए। ती विश्वासीहरूले, आफूले दिन सक्ने भन्दा पनि धेरै नै दिए। उनीहरूले उदारतापूर्वक दिए। कसैले तिनीहरूलाई त्यसो गर्न भनेको थिएन। [४]तर तिनीहरूले हामीलाई घरिघरि सोध्थे परमेश्वरका मानिसहरूको यस सेवामा भागीदार बन्न पाऊँ भनेर हामीलाई विन्ती गर्थे। [५]अनि तिनीहरूले यस प्रकारले दिए कि जुन हामीले आशै गरेका थिएनौं। तिनीहरूले आफ्नो दान दिनु अघि नै आफै प्रभुमा पहिले समर्पण गरे। यी नै परमेश्वर चाहन्छन्। [६]यसैले यो विशेष पूनित कार्य सिद्धयाउन हामीले तितसलाई तिमीहरूलाई सघाइ माग्यौ। तितस नै एकजना हुन् जसले यो काम शुरू गरे। [७]तिमीहरू हरेक कुरामा धनी छौ-विश्वासमा, वचनमा, सहायता गर्ने चाहनामा अनि हामीबाट सिकेको प्रेम गर्नमा। र त्यसैले दान दिने काममा पनि तिमीहरू महान बन भन्ने हामी इच्छा गर्छौ।

[८]मैले दिनु भनेर तिमीहरूलाई आज्ञा गरिरहेको छैनँ। तर तिमीहरूको प्रेम सत्य प्रेम नै रहेछ कि भन्ने हेर्न खोज्दैछु। अरू मानिसहरू मदत गर्न इच्छुक छन् भन्ने देखाउन मात्र म यी कुराहरू गर्छ। [९]हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह त तिमीहरू जान्दछौ। अनि तिमीहरू यो पनि जान्दछौ कि ख्रीष्ट परमेश्वरमा धनी थिए, तर तिमीहरूको निम्ति उनी गरीब भए। आफू गरीब बनेर तिमीहरू धनी हुन सक भनेर नै उनले त्यसो गरेका हुन्।

[१०]अनि त्यस विषयमा मैले मेरो राय दिएँ, अनि यो मैले भनेँ किनभने म विश्वास गर्छु कि यो तिमीहरूको लागि राम्रो हो। पोहोर दान दिनु इच्छा गर्नेहरूमा तिमीहरू प्रथम थियौ। साँच्चै नै तिमीहरू दिनुमा प्रथम थियौ। [११]यसर्थ तिमीहरूले शुरू गरेको काम अबशेष गर। तब मात्र तिमीहरूको "गर्ने इच्छा" अनि तिमीहरूको "कर्म" समतुल्य हुनेछ। तिमीहरूसित जे छ त्यहीबाट दान देऊ। [१२]तिमीहरू दिन चाहन्छौ भने मात्र तिमीहरूको दान थापिन्छ। र तिमीसित भएकोबाट तिम्रो दान जाँचिन्छ, तर तिमीहरूसँग नभएकोबाट होइन। [१३]जब अरूहरू सुखी रहँदा तिमीहरूलाई चाँहि कष्टमा होऊ भन्ने हामी चाहँदैनौं। हामी सबै थोक बराबरी होस् भन्ने चाहन्छौं। [१४]यसधरि तिमीहरूसित प्रशस्त छ। तिमीहरूसित भएका यी कुराले अरू मानिसहरूलाई खाँचो परेको कुरो टार्न मदद पुग्नेछ। अनि पछि जब उनीहरूसित प्रशस्त हुन्छ उनीहरूले तिमीहरूको खाँचो टारिदिन सक्छन्। तब सबै बराबर हुनेछन्। [१५]धर्मशास्त्रमा यस्तै लेखिएको छ:

> "जसले धेरै बटुल्यो उसको धेरै रहेन, जसले
> थोरै बटुल्यो उसकोमा अलिकति मात्र रहेन।"
>
> *प्रस्थान १६:१८*

## तितस र उनका साथीहरू

[१६]म परमेश्वरलाई धन्यवाद चड़ाउँछु किनभने उनले तितसलाई तिमीहरू प्रति त्यही प्रेम दिए जुन मेरो तिमीहरू प्रति छ। [१७]हामी उनलाई जे गराउन निवेदन गरेका थियौ, उनले त्यही स्वीकार गरे। उनी तिमीहरूकहाँ जान औधि चाहँन्थे। यो उनको आफ्नै विचार थियो। [१८]तितसको साथमा हामी एक जना भाइलाई पठाउँदै छौं जसको प्रशंसा सबै मण्डलीहरूबाट भएको छ। सुसमाचार प्रचारमा उनको सेवाको कारणले यी भाइ प्रशंसित छन्। [१९]हामीले यस्तो दान लिएर हिड़दा हुँदि यी भाइ हामीसित हिंड़न मण्डलीहरूबाट छानिएका थिए। प्रभुमा महिमा ल्याउनु, हामी साँच्चै सघाउन चाहन्छौं भन्ने देखाउन हामी यो सेवा गर्दैछौं।

[२०]यो धेरै धन व्यवहार गर्दा कसैले हामीलाई दोष
लाउन मौका नपाओस। यसर्थ हामी खुवै सतर्क छौं।
[२१]हामी ठीक काम गर्ने कोशिश गर्छौ। प्रभुले जस्तो
ठीक मान्नु हुन्छ र मानिसहरूले पनि जुन ठीक ठान्छन्
हामी त्यही गर्न चाहन्छौं।

[२२]अर्को एकजना भाइलाई पठाउँदैछौं जो मदद गर्न
भने पछि सँधै अघि सर्छन्। उनको सहायता गर्ने इच्छा
अनेकौ पल्ट प्रमाण गरिसकेका छन्। अनि अहिले पनि
उनी अझै धेरै सहयता गर्न चाहन्छन्, किनकी तिमीहरूमाथि
उनको त्यस्तो विश्वास छ।

[२३]अब तितसको बारेमा-उनी मेरा सहकर्मी हुन्।
तिमीहरूलाई सहायता गर्न उनी मसँगै काम गर्दैछन्।
अनि अरू भाइहरूको बारेमा तिनीहरू मण्डलीहरूबाट
पठाइएका हुन् र तिनीहरूले पनि ख्रीष्टमा महिमा
ल्याउँछन्। [२४]त्यसकारण यी मानिसहरू प्रति तिमीहरूले
आफ्नो प्रेम देखाऊ। हामी तिमीहरू प्रति किन गर्वित
छौं त्यो तिनीहरूलाई देखाऊ। ताकि जम्मै मण्डलीहरूले
त्यो देख्नेछन्।

## ख्रीष्टियन साथीहरूलाई सहायता गर

९ परमेश्वरका मानिसहरूलाई गरिने सहायताको विषयमा
मैले तिमीहरूलाई लेख्नु पर्दैन। [२]म जान्दछु तिमीहरू
सहायता गर्न इच्छुक छौ। म्यासिडोनियाका मानिसहरूसित
म यसबारे प्रशंसा गरिरहन्छु। अखैयाका बासिन्दाहरू हो,
तिमीहरू पोहोरदेखि नै दान दिनु तयार थियौ भनेर मैले
तिमीहरूलाई जनाइसकेको छु। अनि तिमीहरूले दान दिनु
चाहेकोले, यहाँका धेरै अरू मानिसहरू उत्साहित बनिए
अनि अहिले त्यसो गर्न इच्छुक छन्। [३]तर म यी
भाइहरूलाई तिमीहरूकहाँ नै पठाउँदैछु। म पक्का गराउन
चाहन्छु कि तिमीहरूको बारेमा हामी जो गर्व गर्छौ यस
विषयमा व्यर्थ सावित नहोस्। तिमीहरूको विषयमा जे
भनियो त्यसको लागि म चहान्छु कि तिमीहरू तयार
वस। [४]यदि कुनै मानिस जो म्यासिडोनियाबाट मसित
आउँछ र तिमीहरू तयार नरहेको पाए भने हामीलाई
लाजमर्दो हुनेछ। हामी लज्जित हुनेछौं कारण तिमीहरू
माथि हामीले भरोशा गरेका थियौ। अनि वास्तवमा
तिमीहरू पनि लज्जित हुने छौ। [५]त्यसैले मैले निर्णय गरें
कि हामी आउन अघि यी भाइहरूलाई तिमीहरूकहाँ
पठाउनुपर्छ। तिमीहरूले बचन दिए अनुसारको यो उपहार
उनीहरूले तयार पार्नेछन्। तब, जब हामी आइपुग्ने छौं,
उपहार तयार हुनेछ, अनि त्यो इच्छापूर्वकको उपहार हुनु
पर्छ, अनि त्यो तिमीहरूले असन्तुष्ट भएर दिए जस्तो
नहोस्।

[६]याद गर: जसले अलिकति रोप्छ उसले अलिकति
नै बाली उठाउँछ। त्यसरी नै जसले धेरै रोप्छ उसले धेरै
बाली उठाउँछ। [७]हरेकले आफ्नो मनमा जति दिन्छु भनेर
चिताएको छ त्यति नै देओस्, विना इच्छा कसैले
नदिवोस्। जबर्जस्तीमा कुनै व्यक्तिले नदिओस् जसले
खुशी भएर दान गर्छ। उसलाई परमेश्वरले प्रेम गर्छन्।
[८]अनि परमेश्वरले तिमीलाई प्रशस्त मात्रमा आशीर्वाद
दिनु हुनेछ। तब तिम्रोमा सधैं पशस्त रहेनछ अनि प्रत्येक
शुभकर्मको लागि मुक्तहस्तले दान दिन सक्नेछौ। [९]धर्म
शास्त्रमा यो लेखिएको छ:

> "उसले उदारतापूर्वक गरीबहरूलाई दिंदछ उसको
> दयाभाव सदा-सर्वदा रहिरहन्छ।"
>
> *भजनसंग्रह ११२:९*

[१०]परमेश्वर नै एक हुन्, जसले रोप्नेलाई बिउ दिन्छन्।
अनि उनले खानलाई रोटी दिन्छन्। अनि परमेश्वरले
तिमीहरूलाई बिऊ दिन्छन् र ती बिऊ बड़ाउँछन्। तिम्रो
दयाभाव बाट उनले मनग्गे बाली उठाउँछन्। [११]परमेश्वरले
तिमीलाई हरतरहले धनी बनाउने छन् जसमा कि तिमी
सँधै मुक्तभावले दान दिनु सक्ने छौ। अनि हाम्रा मार्फत
दिइने तिम्रो दानको निम्ति मानिसहरूले परमेश्वरलाई
धन्यवाद चढ़ाउने छन्। [१२]तिमीहरूले यस सेवालाई
दिइरहेको दानले परमेश्वरका मानिसहरूको खाँचो टार्छ।
तर तिम्रो दयाभावले यति नै मात्र गर्दैन, यसले परमेश्वर
प्रति धन्यवाद वृद्धि गराउँछ। [१३]यो सेवा जुन तिमी
गरिरहेकाछौं त्यो तिम्रो विश्वासको प्रमाण हो। यसकै
कारणले मानिसहरूले परमेश्वरको प्रशंसा गर्नेछन्।
तिनीहरूले परमेश्वरको प्रशंसा गर्छन् किन कि तिमीहरू
ख्रीष्ट को सुसमाचारलाई मान्छौ-जुन समाचारलाई तिमीहरू
विश्वास गर्छौं भन्छौ। मानिसहरूले परमेश्वरको प्रशंसा
गर्ने छन् किन कि तिमीहरू मुक्तभावले तिनीहरूसित र
सबैसित मिल्दछौ। [१४]अनि जब तिनीहरू तिमीहरूको
लागि प्रार्थना गर्दछन् तिनीहरू तिमीहरूलाई भेटने इच्छा
गर्छन्। किनभने परमेश्वरले तिमीहरूलाई दिएको असीम
अनुग्रहले तिनीहरूलाई यस्तो लाग्छ। [१५]उनको वयान
गर्न नसक्ने दानको लागि परमेश्वरलाई धन्यवाद देऊ।

## पावल आफ्नो सेवकाइको प्रतिरक्षा गर्छन्

१० म, पावल, तिमीहरूलाई ख्रीष्टको नम्रता र
दयासित विन्ती गर्छु। कसै कसैले भन्छन्,
जतिञ्जेल म तिमीहरूसित रहन्छु म नम्र देखिन्छु तर जब
टाढ़ा हुन्छु म साहसी बन्छु। [२]फेरि कसैले सम्भन्छन्
हामी संसारी तौरले बाँच्छौं। अब, जब म आउँछु
तिनीहरूका निम्ति साहसी बन्ने इरादा गर्छु। म बिन्तीगर्छु
कि जब म आउँछु मलाई साहसीपना देखाउने आवश्यक
नपर्ला। [३]हामी संसारमै बास गर्छौं। तर संसारिक मानिसहरूले
भैँ हामी लड़ाइँ गर्दैनौं। [४]हामी त्यो हतियारहरु लिएर
लड़ाइँ गर्छौं जुन संसारले चलाउने हतियारहरु भन्दा
भिन्दै छ। हाम्रा हतियारहरुमा परमेश्वरको शक्ति छ। यो
हतियारले शत्रुहरूका बलियो दुर्ग समेत नाश पार्न
सक्छ। हामी मानिसहरूका तर्कहरू नाश गर्छौं। [५]अनि
परमेश्वरको ज्ञानको विरूद्धमा उठेको हरेक अहम्‌लाई
नाश गर्छौं। अनि हामी हरेक विचारलाई पक्रन्छौं र
त्यसलाई त्याग्ने वा ख्रीष्टलाई मान्ने बनाउँछौं। जसले
मान्दैन त्यसलाई हामी दण्ड दिनु तयार हुन्छौ। [६]तर
पहिले तिमीहरूले नै पुरापुरी मान्नु पर्छ भन्ने हामी आशा
गर्छौं।

[७]तिमीहरूले आफ्ना अघिल्तिरको तथ्यलाई हेर्नुपर्छ।
यदि कसैले आफू ख्रीष्टमा भएको निश्चितरूपले मान्छ
भने उसले संभन्नु पर्छ हामी पनि उही जस्तो ख्रीष्ट मै
छौं। [८]त्यो साँचो हो, प्रभुले मलाई दिनु भएको
अधिकारको कुरो लिएर म मुक्त रूपले गर्व गर्छु। तर
उहाँले मलाई यो शक्ति तिमीहरूलाई दरिलो बनाउनलाई
दिनु भएको हो, तिमीहरूमा चोट पुऱ्याउनुलाई होइन।
त्यसैले म मेरो गर्व गराईमा लज्जित छैन। [९]यो पत्रद्वारा
तिमीहरूलाई तर्साउदैछु भन्ने तिमीहरूले सोचेको म
चहाँदिन। [१०]कोही मानिसहरू भन्छन्, "पावलका पत्रहरू
त जोरदार र गहकिला हुन्छन्। तर जब उनी हामीसित
रहन्छन्, उनी कमजोर रहन्छन्, अनि उनको भाषण
योग्यता प्रशंसा गर्ने खालको रहँदैन।" यसो भन्ने मानिसहरूले
यो जान्नुपर्छ: हामी यस समय तिमीहरूसित छैनौं यसकारण
हामी यी कुराहरू पत्रमा लेख्छौं। तर जब हामी त्यहाँ
तिमीहरूसित हुन्छौं, हामी त्यही शक्ति देखाउँछौं जुन
हामी आफ्ना पत्रहरूमा देखाउँछौं।

[१२]हामी आफैलाई त्यस्ता मानिसहरूको स्तरमा राख्ने
आँट गर्दैनौं जो आफूलाई खुबै महत्वपूर्ण संभन्छन्।
हामी आफूलाई तिनीहरूसित दाँज्दैनौं। तिनीहरू आपसमा
आफू आफै तुलना गर्छन, तुलनाको स्तर तिनीहरू
आफै हुन ओ तुलनाको नापदण्ड आफैलाई बनाउँछन्।
यसले तिनीहरू केही जान्दैनन् भन्ने देखाउँछ। [१३]तर
हामी सही सीमा बाहिर गर्व गर्दैनौ। हाम्रो गर्वको सीमा
परमेश्वरले हामीलाई अह्राएको काम सम्म हुनेछ। यो
काम हाम्रो तिमीहरूसितको काम अन्तर्गत पर्छ। [१४]हामी
ज्यादा गर्व गर्दैनौ। यदि हामी तिमीहरू भएकोमा अहिले
सम्म नपुगेको भए, हामी निकै गर्व गर्थ्यौं। तर हामी
वास्तवमा तिमीहरूकहाँ आईपुगेकाछौ। हामी तिमीहरूकहाँ
ख्रीष्टको सुसमाचार लिएर आयौं। [१५]हामी आफ्नै कार्य
क्षेत्रमा मात्रै आफ्नो गर्वलाई सीमित राख्छौं। अरूले
गरेको काममा गर्व गर्दैनौं। हामी आशा गर्छौं, तिमीहरूको
विश्वास बढ़छ, तिमीहरूले हाम्रो कामको क्षेत्र अझै
व्यापक बनाउनमा सहायता गर्ने छौ। [१६]हामी तिमीहरूको
शहर बाहिरी क्षेत्रमा पनि सुसमाचार प्रचार गर्न चहान्छौं।
अर्को इलाकामा अधि नै भइसकेको काममा हामी गर्व
गर्दैनौ। [१७]तर "जसले गर्व गर्छ उसले प्रभुमा गर्व गर्नु
पर्छ।"* [१८]किनभने असल व्यक्ति उसलाई मानिन्छ
जसलाई प्रभुले ग्रहण गर्नु भएको छ, तर उसलाई होइन
जसले आफैलाई असल मान्छ।

## पावल र भूटा प्रेरितहरू

११ जब म मूर्ख बनिन्छु आशा छ तिमीहरू मलाई
सहनेछौ। तर तिमीहरू मलाई सहिरहेका पनि
छौ। [२]मलाई तिमीहरूको ईर्ष्या लाग्छ। अनि यो ईर्ष्या
परमेश्वरबाट हो। मैले तिमीहरूलाई ख्रीष्टलाई सुम्पने
बचन दिएँ ताकि उनी तिमीहरूका एक मात्र पति बनून्।
म तिमीहरूलाई ख्रीष्टको हातमा एउटी शुद्ध कन्याको
रूपमा सम्पिनु चाहन्छु। [३]तर तिमीहरूको मन भ्रष्ट हुन
सक्छ अनि ख्रीष्ट प्रति तिमीहरूको सत्यता र पवित्रता
डग्ला कि भन्ने मलाई डर छ। यो त्यस्तो हुनसक्छ जस्तै
आफ्नो सर्पको धूर्तताले हव्वालाई धोका दिएको थियो।
[४]यदि कसैले तिमीहरूलाई हामीले बताएको येशू भन्दा
अर्कै येशूको बारे बताउँछ भने तिमीहरू उसलाई
आनन्दले ग्रहण गर्ने छौ। यदि उसले तिमीहरूलाई
हामीले बताएको सुसमाचार र दिएको आत्मा भन्दा
अर्कै सुसमाचार र आत्मा बताँउछ भने पनि त्यसलाई

**"जसले … पर्छ"** यर्मिया ९:२४।

तिमीहरू खुशीले स्वीकार गर्ने छौ। यसर्थ मलाई पनि
त्यही इच्छा देखाऊ।
५तर म विश्वास गर्दिन कि ती “महान प्रेरितहरू” म
भन्दा राम्रा हुन। ६साँचो हो म प्रशिक्षित वक्ता होइन।
तर मेरोमा ज्ञान छ। यो हामीले तिमीहरूलाई हरतरहले
स्पष्ट गरिदिएका छौं।
७कुनै वेतन बिनै तिमीहरूलाई मैले परमेश्वरको
सुसमाचार सुनाएँ। तिमीहरूलाई माथि उठाउनु मैले
आफूलाई तल झारेँ। त्यो भूल भयो र? ८मैले अरु
मण्डलीहरूबाट वेतन लिएँ। तिमीहरूको सेवा गर्न सकुँ
भनेर मैले तिनीहरूबाट पैसा लिएँ। ९जब म तिमीहरूसित
थिएँ त्यसबेला पनि खाँचो पर्दा मैले तिमीहरू कसैलाई
दु:ख दिइनँ। मलाई चाहिने जति सबै म्यासिडोनियाबाट
आउने भाइहरूबाट नै मैले लिँए। तिमीहरूमाथि मैले
आफूलाई कुनै किसिमको भार हुन मन पराइन। अनि
कहिल्यै भार बन्ने छैन पनि। १०यस विषयमा गर्व गर्नु
मलाई अखैयामा कसैले रोक्ने छैन। ममा भएका
ख्रीष्टको सत्यतासित म यो भन्नसक्छु। ११अनि किन म
भार थिइन? मैले तिमीहरूलाई प्रेम गरेको छैन
भनेर? होइन। परमेश्वर जान्दछन् म तिमीहरूलाई प्रेम
गर्छु।
१२अहिले मैले जे गरिरहेछु त्यो म गरिनैरहने छु। म
त्यसो गरिरहनेछु किनभने म आशा गर्छु ती घमण्ड गर्न
मौका खोज्ने मानिसहरूलाई वाधा दिन्छु। तिनीहरू जुन
कार्यको निम्ति घमण्ड गर्छन त्यो हामीले गरेको कार्यको
बराबरी हो भन्ने देखाउन तिनीहरू इच्छा गर्छन। १३तिनीहरू
झूटा प्रेरितहरू हुन्। तिनीहरू धोकावाजहरू हुन्।
मानिसहरूलाई छक्क्याउन ख्रीष्टका प्रेरित रुपमा छद्मभेषी
हुन तिनीहरू। १४त्यसमा कुनै अचम्म छैन। किन?
शैतान धरिले मानिसलाई छक्क्याउन आफूलाई ज्योतिर्मय-
दुतको* रूप लिन्छ। १५यसर्थ यदि शैतानका सेवकहरू
धार्मिक मानिसहरूको भेषमा आउँछन भने हामीले
अचम्म मान्ने कुरो छैन। तर अन्तमा, ती मानिसहरूले
आफ्नो भूल कर्मको निम्ति दण्ड पाउनेछन्।

## पावल आफ्ना कष्टहरू कहन्छन्

१६म फेरि भन्दैछु। मलाई कसैले मूर्ख सम्झनु
पर्दैन। तर यदि मलाई मूर्ख नै संझन्छौ भने एउटा
मूर्खलाई जसरी व्यवहार गर्छौ म सँग पनि त्यसरी नै
व्यवहार गर। तब मेरोमा पनि गर्व गर्नु केही रहनेछ।
१७म गर्व गर्छु किन कि म आफूमा विश्वस्त छु। तर
मैले यो प्रभुले बोले जस्तो बोलेको होइन। मैले एउटा
मूर्खले जस्तो गर्व गर्दैछु। १८धेरैले आफ्नो सांसारिक
जीवन बारे घमण्ड गर्छन्। यसर्थ म पनि घमण्ड गर्छु।
१९तिमीहरू ज्ञानी छौ यसैले मूर्खको कुराहरू पनि
सहन्छौ। २०यदि कसैले तिमीहरूलाई जोर जबर्जस्ती
गर्छ, शोषण गर्छ, अथवा तिमीहरूमाथि मौका लिन्छ
पनि आफै घमण्ड गर्छ अथवा अनुहारमा थप्पड़ हिर्काए
पनि म जान्दछु तिमीहरूले सहने छौ। २१तिमीहरू माथि
त्यस्तो व्यवहारमा म लज्जित हुन्छु, तर हामी अति
“दुर्बल” छौं।
तर यदि कसैले गर्व गर्ने हिम्मत गर्छ भने म पनि
हिम्मती हुन्छु र गर्व गर्छु। मुर्ख झैं बात गर्दैछु। २२के
तिनीहरू हिब्रु हुन्? म पनि हुँ। तिनीहरू इस्राएली हुन्
र? म पनि हुँ। के तिनीहरू अब्राहामका सन्तान हुन्? म
पनि हुँ। २३तिनीहरू ख्रीष्टको सेवा गर्छन्? म अझ धेरै
गर्छु। म पागल जस्तै बात गरिरहेको छु। तिनीहरूले
भन्दा धेरै कठिन-कठिन कामहरू मैले गरेको छु। म
तिनीहरू भन्दा घेरै चोटी जेल भोगेको छु। मैले अझ
घेरै कुटाइ खाएको छु। धेरै पटक म झण्डै झण्डै
मरेको हुँ। २४मैले पाँच पल्ट यहूदीहरूबाट उन्चालिस
कोर्रा खाएको छु। २५तीन पल्ट लट्ठीले कुटाइ खाएको
छु। एक पल्ट त म ढुंगाले हानेर झण्डै मारिएँ। तीन
पल्ट म चड़ेको जहाज डुब्यो र एक पल्ट त रातभरी र
भोलि पल्ट पनि समुद्रमा बिताएँ। २६मैले धेरै यात्रा
गरिरहेकोछु। मलाई नदीहरूबाट, चोरहरूबाट, र मेरा
आफ्नै मानिसहरूबाट र अयहूदीहरूको खतरा थियो।
मलाई शहरमा, निर्जन ठाउँमा र समुद्रमा खतरा थियो।
म आडम्बरी भाइहरू देखि पनि खतरामा थिएँ। २७मैले
कठोर र अथक परिश्रम कति रात नसुती गरेको छु। म
खाना औ पानी बिनै बस्नु पर्थ्यो। धेरै पल्ट नखाई बस्नु
पर्थ्यो। मेरा लुगाहरू थिएनन् अनि जोड़ामा काम्दै बस्नु
पर्थ्यो। २८अनि अरू धेरै समस्याहरू थिए। यी सब
बाहेक पनि मण्डलीहरूको लागि मैले हेरचाह गर्नु
पर्थ्यो। प्रत्येक दिन तिनीहरूको विषयमा चिन्ता गर्छु।
२९कसैलाई कमजोर देख्दा आफूलाई कमजोर भए
जस्तो लाग्थ्यो। र कोही पापमा अघि सर्दा मेरो अन्तर
पिरोलिन्थ्यो।

---

**ज्योतिर्मय-दूत** परमेश्वरको दूत। शैतानले मानिसलाई मूर्ख बनाउँछ र मानिसहरू उसलाई स्वर्गबाटै आएको संझन्छन्।

३०यदि मैले गर्व कै कुरा गर्नैपर्छ भने म ती कुराहरू गर्छु जुन मेरा दुर्बलताहरू हुन्। ३१परमेश्वर जान्दछन् म असत्य बोलिरहेको छैन। उनी परमेश्वर हुन् र प्रभु येशू ख्रीष्टका पिता हुन् जो सदा धन्यवादका पात्र छन्। ३२जब म दमीशकमा थिएँ, राजा अरितसका राज्यपालले शहरका चारैतिर पालेहरू राखेर मलाई पक्रन खोजे। ३३तर केही साथीहरूले मलाई एउटा टोकरीमा हालेर पर्खालको दूलोबाट तल झारिदिए र म त्यस राज्यपालको हातबाट फुत्कें।

### पावलको जीवनमा विशेष आशिष

**१२** अब मैले गर्व गर्नै पर्छ, यसले केही फाइदा हुने त होइन। तर म प्रभुको दर्शनहरू र सत्य प्रकाशहरू बारे बोली नै रहनेछु। २म ख्रीष्टमा विश्वासी एक जना यस्तो मानिसलाई चिन्छु जसलाई तेस्रो स्वर्गमा सोझै चड़ाइएको थियो। यो चौदह वर्ष अघिको कुरो हो। त्यस मानिसलाई शरीरसितै कि शरीर बिना लगिएको थियो त्यो त म जान्दिनँ तर परमेश्वर जान्दछन्। ३-४म यति नै जान्दछु त्यस मानिसलाई स्वर्गमा* लगियो शरीरसितै अथवा शरीर बिना, म जान्दिनँ। तर उसले त्यहाँ जुन कुरा सुन्यो त्यो शब्दमा वर्णन गर्न सकिदैन। उसले जे सुन्यो त्यो बताउनु कुनै मनुष्यलाई अनुमति छैन। ५म त्यस्तो मानिसको गर्व गर्नसक्छु। तर म आफ्नै बारेमा गर्व गर्दिनँ। आफ्नो त दुर्बलताहरूकै मात्र गर्व गर्नेछु। ६यदि मैले आफ्नो बारेमा गर्व गरिन भने म मूर्ख हुने छुइन, मलाई मूर्ख भन्न सक्तैन कारण म सत्य बोल्छु। तर म आफ्नो बारेमा गर्व गर्दिनँ। किन? किन कि म चाहँदिन कि तिनीहरूले मैले गरेको देख्छ अथवा भनेको सुन्छ त्यस भन्दा ज्यादा मेरो बारेमा सोचोस्।

७मैले देखेका आश्चर्यजनक कुराहरूलाई लिएर म गर्वित हुँदिन। मलाई एउटा दु:खको समस्या दिइएको थियो। त्यो समस्या शैतानबाट आउने एउटा दूत हो। त्यो मलाई पिट्न र गर्वित बनिनुबाट रोक्न पठाइएको थियो। ८यस समस्याबाट बाँच्नलाई मैले प्रभुसित तीन पटक बिन्ती गरें। ९तर प्रभुले मलाई भने "मेरो अनुग्रह नै तिम्रो लागि यथेष्ट छ। दुर्वलतामा नै मेरो शक्ति झन पक्का परिलक्षित हुन्छ।" यसैले म आफ्नो दुर्बलताको गर्व खुशीसित गर्छु। तब ख्रीष्टको शक्ति म माथि रहनेछ। १०यसैले ख्रीष्टको निम्ति आफ्नो दुर्वलताहरूमा म खुशी छु। यदि कसले मेरो निन्दा गरे पनि, जब म अप्ठेरो अवस्थामा पर्छु, सताइन्छु औ कष्टमा पर्छु, म खुशी हुन्छु। यी सब ख्रीष्टका लागि हुन्। अनि म यी समस्याहरूमा प्रसन्न छु, किन कि जब म दुर्वल छु, तब त्यति बेला म वास्तवमा सबल हुन्छु।

### कोरिन्थका ख्रीष्टियन प्रति पावलको प्रेम

११म मूर्ख जस्तो बोँल्दै छु। तर यसो गर्न मलाई तिमीहरूले नै लगायौ। तिमीहरूले मेरो विषयमा राम्रो भन्नु पर्छ। म केही पनि हुइँन, तर ती "महान् प्रेरितहरू" कुनै खण्डमा पनि म भन्दा श्रेष्ठ होइनन्। १२जब म तिमीहरूसित थिए मैले त्यस्तो कार्य गरे जसबाट प्रमाण भयो कि म एक प्रेरित थिँए। मैले संकेतहरू, अचम्भितहरू र अलौकिकहरू देखाँए। महाधैर्यसित मैले ती कार्यहरू सम्पन्न गरें। १३कुन विषयमा तिमीहरू अन्य मण्डलीहरू भन्दा निम्न स्तरका थियौ? यसमा मात्र नत्र अन्य कुनै कुरोमा म आफै तिमीहरूको लागि भार भइन। यस विषयमा म तिमीहरू भन्दा तल भए मलाई क्षमा देऊ।

१४तेस्रो पल्ट म तिमीहरूकहाँ आउनु तयार छु। म तिमीहरूको भार हुने छुइन्। तिमीहरूसित भएको कुनै कुरोमा मेरो कुनै चासो छैन। मेरो चासो केवल तिमीहरू मात्र हौ। आफ्नो आमा बाबुहरूको लागि जोगाड़ गर्नु केटाकेटीहरूको कर्त्तव्य होइन् तर आमा-बाबुले नानीहरूको निम्ति गर्नु पर्छ। १५यसकारण मेरोमा भएको सबै तिमीहरूलाई दिनु म खुशी छु। तिमीहरूको निम्ति म आफैलाई पनि सुम्पन्छु। यदि मैले तिमीहरूलाई अत्यन्तै माया गरें भने के तिमीहरूले मलाई कम्ती माया गर्छौ?

१६यो प्रष्ट छ कि म तिमीहरूको भार भइदिएको छैन। तर तिमीहरू भन्न सक्छौ कि म यति चलाख कि तिमीहरूलाई फँसाउन मैले धूर्त्याँई प्रयोग गरें। १७तिमीहरूकहाँ पठाइएको ती मानिसहरूद्वारा मैले तिमीहरूबाट शोषण गरेँ? तिमीहरू जान्दछौ, मैले तिमीहरूलाई शोषण गरिन। १८मैले तितसलाई तिमीहरूकहाँ पठाएँ अनि उनीसित हाम्रा भाइ पठाएँ। तीतसले तिमीहरूबाट लाभ उठाएनन्। उनले उठाए अहँ? तिमीहरू जान्दछौ तितस र मैले यी कुराहरू एउटै मनोवृत्तिले गर्यौं।

१९के यतिञ्जेल हामीले यी सब आफ्नै बचाउको लागि भन्दैथ्यौं? होइन। म परमेश्वर अघि अनि प्रभुको

---

**स्वर्ग** त्यो एउटा ठाउँ जहाँ असल मानिसहरू आफ्नो मृत्यु पछि जान्छन्।

अघि भन्छु। तिमीहरू हाम्रा प्रिय मित्रहरू हौ। अनि जति हामी गर्छौं, तिमीहरूलाई दरिलो बनाउन गर्छौं। २०म यसो गर्छु किन कि मलाई डर छ, म तिमीहरूकहाँ आउँदा म जस्तो चहान्छु त्यस्तो नपाँउला। अनि तिमीहरूले मलाई जस्तो चहान्छौ त्यस्तो नपाउँला। मलाई डर छ कि तिमीहरू माझ तर्क, डाह, रिस, झगड़ा, ठूलठूला कुराहरू, दुष्टकुरा, घमण्ड र गड़बड़ी होला। २१मलाई डर छ, म तिमीहरूकहाँ फेरि आउँदा मेरो परमेश्वरले मलाई तिमीहरूका सामु लज्जित पार्नु हुनेछ। धेरै जना जजसले पहिले पाप गरेका थिए तर आफ्नो अनैतिकता, यौन पाप अनि लाजमर्दो कर्मको निम्ति पछुतो गर्न, आफ्नो हृदय परिवर्त्तन गरेका छैनन् र मैले तिमीहरूको लागि शोक गर्नु पर्ला।

## अन्तिम चेतावनी र शुभकामना

**१३** म तिमीहरूकहाँ फेरि आउने छु। त्यो तेस्रो पटक हुनेछ। अनि याद गर, "हरेक विवरणको लागि दुई अथवा तीन जना सम्म मानिसहरूले प्रमाण गर्न पर्छ।"* २जब म तिमीहरूसित दोस्रो पल्ट थिएँ, जसले पापहरू गरेका थिए तिनीहरूलाई मैले चेतावनी दिएको थिएँ। अहिले म तिमीहरूदेखि टाड़ा छु तिनीहरूलाई र अरू रहेकाहरूलाई म चेतावनी दिन्छु। जब म फेरि तिमीहरूकहाँ आउँछु तिमीहरूको पापको लागि म दण्ड दिनेछु। ३ख्रीष्ट मबाट बोल्दैछन् भन्ने प्रमाण चाहन्छौ भने मेरो प्रमाण छ कि ख्रीष्ट तिमीहरूलाई दण्ड दिन दुर्वल हुनुहुन्न। वास्तवमा उनी तिमीहरूको बीचमा बलियो हुनुहुन्छ। ४यो साँचो हो कि ख्रीष्ट दुर्बल थिए। जति बेला क्रूसमा टाँगिए। तर यसघरी उनी परमेश्वरको शक्तिले जीवित छन्। अनि यो पनि साँचो हो कि हामी ख्रीष्टमा दुर्बल छौ। तर तिमीहरूका लागि परमेश्वरको शक्तिले हामी ख्रीष्ट सित रहनेछौं।

५तिमी आफैलाई नियालेर हेर। तिमीहरू विश्वासमा बाँचे का छौ कि छैनौ, आफै जाँच गर। येशू ख्रीष्ट तिमीहरूमा छन् भन्ने कुरो जान्दछौ। तर त्यो जाँचमा सफल भएनौ भने ख्रीष्ट तिमीहरूका अन्तरमा छैनन्। ६तर म आशा गर्छु, तिमीहरूले जान्ने छौ कि हामी यस जाँचमा विफल बनेका छैनौं। ७परमेश्वरलाई हाम्रो प्रार्थना छ, तिमीहरूले कुनै नराम्रो काम गर्ने छैनौ। हामी जाँचमा सफल बनेको अरू मानिसहरूले देखून् भन्ने कुरो हाम्रो होइन। तर ठुलो कुरो त यो छ कि यदि परीक्षामा हामी आफै असफल भएको मानिसहरूले सोचे पनि जुन असल हो तिमीहरू त्यही काम गर। ८सत्यको विरूद्ध हामी केही गर्न सक्दैनौं। हामी सत्यको निम्ति जे छ त्यो गर्न मात्र सक्छौ। ९तिमीहरू दरिलो बन्यौ भने हामी दुर्वल हुनुमा खुशी छौं। हाम्रो प्रार्थना छ तिमीहरू दरिलो बन्दै जानेछौ। १०तिमीहरूसित नहुँदा म यी कुराहरू लेख्दैछु जसमा कि आउँदा खेरि मैले मेरो अधिकार कड़ासँग प्रयोग गर्न नपरोस्। तिमीहरूलाई विनाश गर्ने होइन तर बलियो बनाउने त्यो शक्ति प्रभुले मलाई दिनभयो।

११दाजु-भाइ दिदी-बहिनीहरू! अब म विदा लिन्छु। परिपक्क हुने कोशिश गर। मैले तिमीहरूलाई भनेका कुरा गर। एक अर्कासित मिल र शान्तिसित बस। तब प्रेम र शान्तिका परमेश्वर तिमीहरूसित हुनुहुनेछ।

१२एक अर्काको अभिवादन पवित्र चुम्बनले गर। १३परमेश्वरका सबै पवित्र जनहरूले तिमीहरूलाई नमस्कार पठाएका छन्।

१४प्रभु येशू ख्रीष्टको अनुग्रह परमेश्वरको प्रेम अनि पवित्र आत्माको सहभागिता तिमीहरूमा सधैं होस्।

---

**"हरेक विवरणको … गर्न पर्छ"** व्यवस्था १९:१५।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from: http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from: http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html